# बान्नीगढी जयगढ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपुर्ति सम्बन्धी सूचना !!!

*प्रथम पटक प्रकाशित मितिः २०८०/०९/१९ गते*

प्रस्तुत विषय सम्बन्धमा यस बान्नीगढी जयगढ गाउँकार्यपालिकाको मिति २०८०/०९/१८ गतेको बैठकको निर्णयानुसार गाउँपालिकाको आ.व. २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार शिक्षक शिक्षण सिकाइ सहयोग अनुदान कोटामा तपसील बमोजिम करार सेवामा शिक्षक पदपुर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका योग्य नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा माग बमोजिमको विवरण र दस्तुर तिरेको भौचर सहित यस कार्यालयमा आवेदन दिन हुन दरखास्त आव्हान गरिन्छ ।

तपसीलः

| क्र.सं | विज्ञापन नं. | तह | विषय | किसीम | माग संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ०१. | १३/०८०/०८१ | मा.वि. (कक्षा ९-१०) | विज्ञान | खुला | १ (एक) | १०००।- | |
| ०२. | १४/०८०/०८१ | मा.वि. (कक्षा ९-१०) | कार्यालय सञ्चालन तथा लेखा | खुला | २ (दुई) | १०००।- | |
| ०३. | १५/०८०/०८१ | मा.वि. (कक्षा ९-१०) | अंग्रेजी | खुला | १ (एक) | १०००।- | |
| ०५. | १६/०८०/०८१ | नि.मा.वि. | विज्ञान | खुला | १ (एक) | ७००।- | |

**आवश्यक न्यूनतम योग्यता र अनुभवः**

**१. शैक्षिक योग्यताः**

**क. नि.मा.वि. तहः** सम्बन्धित विषयमा प्रमाणपत्र तह वा +२ उत्तिर्ण वा सो सरह

**ख. मा.वि. तह (कक्षा ९-१०):** सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण वा सो सरह

**२. उमेरः** कम्तीमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**३. दरखास्त दिने स्थानः** बान्नीगढी जयगढ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, जयगढ अछाम ।

**४. दरखास्त दिने अन्तिम मितिः** २०८०/०९/२५ गते कार्यालय समय भित्र । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय सञ्चालन भएको दिन कार्यालय समय भित्र ।

**५. दरखास्त फाराम पाईने स्थानः** बान्नीगढी जयगढ गाउपालिकाको प्रशासन शाखा वा **Website:www.bannigadhijaygadhmun.gov.np**

**६. परीक्षाको किसिमः** लिखित र अन्तरवार्ता ।

**७. परीक्षा हुने मिति स्थानः** विज्ञापन अवधि समाप्त भएपछि प्रकाशन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**८. दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:** आवेदक स्वंमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु:

*क. नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।*

*ख. न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु ।*

*ग. अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि ।*

*घ. शिक्षक तालिम लिएको भए तालिम प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।*

**९. तलब स्केल:** गाउँ कार्यपालिकाले तोके बमोजिम ।

.............................................
बसन्त बहादुर रावल
नि. प्रमुख प्रशासकीय अधिकृत

Email: info@bannigadhijaygadhmun.gov.np Website: www.bannigadhijaygadhmun.gov.np